फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

प.सं. : २०८१/८२

**परियोजना कार्यान्वयन एकाइ कपिलवस्तुमा (माछा जोन) आवद्धताका लागि सुचिकृत गर्ने सम्बन्धि सूचना**

**सुचना नं. १२/०८१/८२**

**सूचना प्रकाशन मितिः २०८१/०८/२७**

प्रस्तुत विषयमा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु अन्तरगत चालू आ.व. २०८१/०८२ मा जोन/सुपरजोन विकास कार्यक्रमहरु संचालन तथा कार्यान्वयनको लागि परियोजना कार्यान्वयन म्यानुअल-२०७७ मा व्यवस्था भए बमोजिम धान सुपरजोन, तरकारी जोन र माछा जोनको कार्यक्षेत्र भित्र क्रियाशील रहेका सूचिकृत/नवीकरण हुन इच्छुक, कानून बमोजिम दर्ता भएका कृषक समूह, सहकारी सस्था, कृषि फर्म, कम्पनी, जल तथा बन उपभोक्ता समिति आदिले परियोजना कार्यान्वयन एकाइको निर्धारित आवेदन ढाँचामा आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०८१/०९/११ गते भित्र परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुको कार्यालय, जीतपुरमा सुचिकृतको लागि आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | जोन/सुपरजोन | थप भई आएका कार्यक्षेत्रहरु | | कैफियत |
|---|---|---|---|---|
| | | स्थानिय तहको नाम | वडाहरु | |
| १ | धान सुपरजोन | वाणगंगा नगरपालिका | सबै वडाहरू | |
| | | बुद्धभूमि नगरपालिका | वडा नं. १,२,३ र ४ मात्र | |
| | | कपिलवस्तु नगरपालिका | वडा नं. ७,८,९,१०,११ र १२ मात्र | |
| | | मायादेवी गाउँपालिका | सबै वडाहरू | |
| | | शुद्धोधन गाउँपालिका | सबै वडाहरू | |
| २ | तरकारी जोन | कपिलवस्तु नगरपालिका | वडा नं. ३,४,५,६,७,८,९,१०,११ र १२ मात्र | |
| | | बुद्धभूमि नगरपालिका | वडा नं. १० मात्र | |
| | | मायादेवी गाउँपालिका | वडा नं. ५,६ र ७ मात्र | |
| ३ | माछा जोन | वाणगंगा नगरपालिका | सबै वडाहरू | |
| | | बुद्धभूमि नगरपालिका | सबै वडाहरू | |
| | | शिवराज नगरपालिका | वडा नं. १,२,३,४,५,६,७,८,१० र ११ मात्र | |
| | | विजयनगर गाउपालिका | सबै वडाहरू | |
| | | महाराजगंज नगरपालिका | वडा नं. ११ मात्र | |

**आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१. रु १० को टिकट टाँस गरेको परियोजनाले निर्धारित गरेको ढाँचा अनुसारको आवेदन फारम । (आवेदन फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।
२. कृषक समूह/सहकारी/कम्पनी/फर्म/वन/जल उपभोक्ता समितिको आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी/ वन/जल उपभोक्ता समिति दर्ताको नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
४. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी/वन/जल उपभोक्ता समितिको परियोजनामा आवद्धता सम्बन्धि निर्णयको प्रतिलिपी (निर्णयमा कृषकको नाम र बालीको क्षेत्रफल निर्क्योल गर्नुपर्ने)।
५. सम्वन्धित गाँउपालिका/ नगरपालिका को वडा कार्यालयको परियोजनामा आवद्धताका लागि सुचिकृत गरिदिने सिफारिस पत्र।
६. कृषक समूह/सहकारी/फर्म/कम्पनी/वन/जल उपभोक्ता समिति आदीको नाममा रहेको पान नं. प्रमाण पत्रको प्रतिलिपी ।
७. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
८. जग्गाधनि लालपूर्जाको प्रतिलिपि, जग्गा लिजमा लिएको भए कानून बमोजिम करारमा लिएको भए कम्तिमा ५ वर्षको करारनामा।
९. परियोजनाले माग गरेको अन्य आवश्यक कागजातहरु ।
१०. सम्पुर्ण कागजातहरु फाईलिङ्ग गरि पेश गर्नुपर्नेछ ।

**पुनश्चः रीतपुर्वक आवेदन र आवश्यक कागजातहरु पेश हुन नआएमा जोन/सुपरजोनमा आवद्धताको लागि परियोजना कार्यान्वयन एकाइ सुचिकृत गर्न बाध्य हुने छैन ।**

विस्तृत जानकारीका लागि :- परियोजना कार्यान्वयन एकाइ, जितपुर कपिलवस्तुमा सम्पर्क गर्नुहोला । सम्पर्क नं. ०७६-५५०३४७

**"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, बिशिष्टिकरण र औद्योगिकीकरण"**